हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

वर्ष : ०१ अंक : ८३ पृष्ठ : ४ २०७७ असोज २० गते मंगलबार (Tuesday 6 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

### 'छैन जीवन जल र सिटामोल'
# औषधि थन्कियो लहान नगरपालिकाको गोदाममैं





स्वास्थ्य सेवा संविधानको मौलिक हकमा समेटिएको छ । अझ कोरोनाको महामारीको बेला ज्वरो रुघाखोकीका लागि सिटामोल अत्यावश्यक औषधि नै हो । तर लहान नगरपालिका क्षेत्रका स्वास्थ्य चौंकीहरूमा त्यही अत्यावश्यक औषधि सिटामोल र जीवन जल समेत छैन् ।

अत्यावश्यक आधारभूत स्वास्थ्य सेवा र औषधि गाउँ गाउँमा रहेका स्वास्थ्य चौकीहरूमार्फत् उपलब्ध गराउने भनिएपनि सेवाग्राहीहरू गाउँको स्वास्थ्य चौकीमा सिटामोल र जीवन जल समेत नपाएर हैरान छन् । लहान नगरपालिका क्षेत्रमा पर्ने अधिकांश स्वास्थ्य चौकीहरूमा पछिल्लो एक महिना दिनदेखि गर्भवतीले नियमित सेवन गर्नुपर्ने आइरन चक्की सेमत नभएको सेवाग्राहीहरूको गुनासो छ ।

लहान नगरपालिका–१८ भदैयाको विसनपुरस्थित स्वास्थ्य चौकी एउटा उदाहरण मात्र हो, जहाँबाट सेवाग्राही सिटामोल र जीवनजल समेत पाउनबाट वञ्चित छन् । स्वास्थ्य चौकीका अनमी ललिता कुमारी चौधरी भन्छिन् 'दैनिक तीनदेखि चार दर्जन जना विभिन्न स्वास्थ्य सम्बन्धी समस्या लिएर जँचाउन आउँछन्, जाँचपछि औषधि दिनुपर्छ तर औषधि नै नहुँदा गालीगलौज गरेर फर्किन्छन् ।'

'स्वास्थ्य चौकी भवन नजिकै घर भएकी जुलो पण्डित शरीरमा आउने घाउ खटिराको समस्या लिएर आएकी थिइन्' उनले भनिन् 'औषधि नभएकाले छैन भन्दा स्वास्थ्य चौकी बन्द गरेर जानुस्' भन्दै रिसाएर फर्किइन् ।'

अनमि चौधरीका अनुसार नगरपालिकाको स्वास्थ्य शाखाबाट खोजेर ल्याएको आठ पत्ता सिटामोल समेत सकिएपछि स्वास्थ्य चौंकी अत्यावश्यक औषधि विहीन भएको छ । गर्भवती महिलाले नियमित सेवन गर्नुपर्ने आइरन चक्की समेत स्वास्थ्य चौंकीमा नभएको उनले सुनाइन् ।

स्वास्थ्य चौकीका प्रमुख प्रमोदकुमार दास औषधि नभएपछि बिरामीहरूको संख्या पनि घटेको बताउँछन् । उनका अनुसार अहिले दैनिक १५ देखि २० जनामा बिरामी मात्र जाँचका लागि आउँछन् ।

बाँकी २ पेजमा

# मधेसी समाज 'पञ्च र पञ्चायती'



**कोरोना कहरमा विश्व आक्रान्त छ तर हाम्रो मधेसको समाज अनेकौं हिंसात्मक आपराधिक घटनाले आक्रान्त छ। महिलाहरूले शारीरिक मानसिक सुरक्षा कहीँ कतै पाएका छैनन्। तिनीहरूमाथि अझै अत्याचार भइरहेको छ।**

■ निनु कर्ण

'पञ्च र पञ्चायती' शब्दको पुनर्आगमनले भयभित मधेसका मानिस राष्ट्रमा प्रजातान्त्रिक व्यवस्था आएको र पञ्चायती व्यवस्था अन्त्य भएको तीन दशक बितिसक्दा अझै त्यही प्रभावमा छन् । तह–तहको सरकारी व्यवस्था छ तर 'पञ्च र पञ्चायती' व्यवस्थाको आफ्नै न्यायालय छ । महापञ्चहरूको स्वनिर्णयको अझै पनि समाजमा व्यापकता छ । मधेसमा महिला हिंसा, हत्या, बलात्कार जस्ता सामाजिक हिंस्रक गतिविधि बढ्दो क्रममा छन् । अहिलेको आधुनिकीकरणको युगमा अनेकौं भौतिक स्रोत साधनहरूमा जुम बैठकको बहसमा मधेसका महिलासम्बन्धी अत्यन्तै गहकिला बहस भइरहन्छन् । यो कोभिड–१९ को उपलब्धि हो ।

तर समाजमा हुने गरेका अनैतिक तथा हिंस्रक घटनाहरू दबाउनको निम्ति पञ्चहरूका अनेक प्रपन्चले भूमिका खेल्दै

बाँकी ३ पेजमा

RSC
Opening Day
25% Discount
REHAN SHOPPING CENTER
Lahan-7
Grand Opening
Date:-
2077-06-23 (Friday)
(09-Oct.-2020)

नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकार स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. २ प्रादेशिक कार्यालय, जनकपुर
लहान वितरण केन्द्र, लहान

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा मिति २०७७ असोज २३ गते सम्म लहान फिडर अन्तर्गत विभिन्न ठाउँहरुमा वुस–कटिङ्ग कार्य हुने भएकोले विहान ९:०० देखि ५:०० वजे सम्म वितरण लाईन पूर्ण अथवा आशिक रुपमा वन्द रहने व्यहोरा सम्पूर्ण विद्युत उपभोक्ताहरुमा जानकारीको लागि अनुरोध गरिन्छ । यसबाट ग्राहक वर्गहरुमा हुन जाने असुविधा प्रति लहान वितरण केन्द्र क्षमाप्रार्थी छ ।

नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्र
लहान, सिरहा

छिटो भनेकै
WORLDLINK
SPEEDमा BOOST नगदमा छुट
30 Mbps 25 Mbps Rs. 1,250 PER MONTH
60 Mbps Rs. 2,700 Rs. 2,200 PER MONTH
FREE
Enjoy 100+ HD Channels
& 150+ SD Channels FREE with WorldLink
*Terms and Conditions Apply
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229



फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# वैकल्पिक शिक्षा प्रणाली अपनाउन जिल्ला विपद व्यवस्थापन समितिको निर्देशन



सिरहा । जिल्ला विपद व्यवस्थापन समितिको सोमबार बसेको बैठकले कोभिड–१९ महामारीको जोखिम अझै उच्च रहेको भन्दै मंगलबारबाट लागू हुने जिल्लाका सामुदायिक तथा निजी विद्यालयलाई वैकल्पीक शिक्षा प्रणाली अपनाउने सूचना जारी गरेको छ ।

समितिले जिल्लाका सहरी क्षेत्रका विद्यालयहरुले विद्यालयमै विद्यार्थी बोलाएर र विद्यालयहरुले बसमा विद्यार्थी ओसारेर पढाउन थालेपछि समितिको बैठकले मंगलबार देखि लागू हुने गरी विद्यार्थीलाई भौतिक रुपमा विद्यालयमा उपस्थित नगराई वैकल्पिक शिक्षण प्रकृया अपनाउन सुचित गरेको हो ।

सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिप कणेलको अध्यक्षतामा बसेको वैठकले कोभिड–१९ को विश्वव्यापी महामारीको अवस्थाले अवरुद्ध रहेको विद्यालयको नियमित पठनपाठन सुचारु गर्न नेपाल सरकार (प्र.म.) को मिति २०७७ असोज १ गतेको निर्णयबाट स्वीकृत 'विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना–२०७७' र नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७ भदौ १९ गतेको मन्त्री स्तरीय निर्णय अनुसार स्वीकृत 'विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका–२०७७' अनुसार गर्न गराउन भनिएको भएपनि निर्देशिका विपरीत कतिपय स्थानीय तहका विद्यालयमा साविकमा झै विद्यालय सञ्चालन गरी पठन पाठन गराएको, बसबाट विद्यार्थी ओसार्ने गरेको देखिएकोले सो कार्य नगर्न भनिएको छ ।

सूचनामा स्थानीय तहहरुले तत्काल आफ्ना क्षेत्रका विद्यालयलाई यसै सूचनालाई आधार मानेर भौतिक उपस्थितिमा पठन पाठन रोक्न भनिएको छ । यता सरकोकारवालाहरुले भने कोभिड जोमिमलाई नजरअन्दाज गर्दै निजी विद्यालयले आर्थिक लाभको पाटोलाईमात्र हेरेको आरोप लगाउँदै आएको छ । महामारी जोखिमलाई वेवास्ता गर्दै रकम असुल्न निजी विद्यालय उद्धत रहेको सरकोकारवालाको आरोप छ ।

यता निजी विद्यालय एसोसीयसन नेपाल (एनप्यावसन)ले केहीदिन पहिला जिल्लामा कोरोना संक्रमणको दर कम भएको र विद्यार्थी लामो समयदेखि घरमा बसेर डिप्रोशनमा जानसक्ने सम्भावना भएकाले स्थानीय तहको समन्वयमा केही विद्यालयहरु खोलिएको तर विपद व्यवस्थापन समितिको निर्णय सह्रानीय भएको बताएको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष | दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । |
| वृष | आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला । दैनिक कार्यमा प्रगति हुनेछ । |
| मिथुन | आज आर्थिक लेनदेनमा समस्या हुन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । यातायात वा वाहनमा खर्च बढ्नेछ । |
| कर्कट | लाभ,हानी, आय,व्यय, सुख,दुख वरावरी मध्यम खालको दिन छ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| सिंह | आज महिलावर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्नेछ । शेयरको कारोवारमा सफलता मिल्नेछ । |
| कन्या | लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला । अचल सम्पत्तिको कारोवार हुनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । |
| तुला | आफन्तका बीचमा खटपट र शङ्का उब्जन सक्छ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । मनमा निराशा र शरीरमा आलस्य आउला । |
| वृश्चिक | आज धार्मिक कार्यमा सरिक भाईनेछ । आफनतले साथ र सहयोग र समर्थन प्रदान गर्नेछन् । नयाँ रोजगार वा नयाँ कार्यको प्रारम्भपनि हुनेछ । |
| धनु | शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । |
| मकर | दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| कुम्भ | दैनिक कार्यमा सफलता पाईनेछ । सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेकोछ । |
| मीन | आज आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । दिनको उत्तरार्धमा अधिक सुखद् रहनेछ । |

# औषधि ...

औषधि नभएकैं कारण सेवाग्राहीको गालीगलौज सुन्नु परेको उनले गुनासो गरे ।

लहान नगरपालिका–१५ स्थित स्वास्थ्य चौंकीमा दैनिक ६०–७० जना उपचारका लागि पुग्छन् । तर औषधि नहुँदा स्वास्थ्य चौंकीले रित्तो हात फर्काउनुपरेको छ । स्वास्थ्य चौंकीका इन्चार्ज सिअहेव रामसुन्दर चौधरी स्वास्थ्य चौंकीमा सामान्य तर अतिआवश्यक सिटामोल र जीवन जल समेत नभएको सुनाउँछन् ।

लहान नगरपालिकाका १८ र १५ नम्बर वडाका स्वास्थ्य चौंकी मात्र होइन २४ वडा रहेको नगरपालिकामा १२ वटा स्वास्थ्य चौंकी र १ सहरी स्वास्थ्य क्लिनिक छन् । तर, ती सबैमा एक महिनादेखि औषधि अभाव छ । सरकारले स्वास्थ्य चौंकीमा ५९ प्रकारको औषधि निःशुल्क वितरण गर्नुपर्ने अनिवार्य गरेको छ । तर नगरपालिकास्थित स्वास्थ्य शाखाले औषधि नपठाएकैं कारण नगरपालिका क्षेत्रका स्वास्थ्य चौंकी औषधिविहीन छन् । जसको प्रत्यक्ष मारमा गरिब, दलितसहित सेवाग्राही परेका छन् ।

औषधि नहुँदाको समस्या गर्भवती महिलामा समेत परेको छ । ती स्वास्थ्य संस्थामा गर्भवतीले नियम सेवन गर्ने आइरन चक्की समेत छैन । 'स्वास्थ्य चौंकीमा सामान्य चोटपटक लागेको बिरामीको मल्हमपट्टी गर्ने काम मात्र भएको छ' लहान नगरपालिका–१८ का स्वास्थ्य केन्द्र प्रमुख प्रमोद कुमार दासले भने 'कहिलेकाहीं मल्हमपट्टी गर्ने सामानको अभाव समेत झेल्दै आएका छौं ।'

उनका अनुसार स्वास्थ्य चौकीमा ३६ देखि ५८ खालको औषधि आउनु पर्ने भएपनि २०–२२ खालको औषधि मात्र आउने गरेको त्यो पनि माग अनुसार नगरपालिकाबाट नियमित आपूर्ति नहुदा समस्या झेल्नु परिरहेको छ । 'जति औषधि आउँछ, त्यति न बाँड्ने हो' उनले भने 'मागे अनुसार नगरपालिकाको स्वास्थ्य शाखाबाट नै आउँदैन, के बाँड्नु ?' लामो समयदेखि आँखामा लगाउने, घाउ खटिरामा लगाउने मल्हम पनि नआएकाले सामान्य चेकजाँच गरेर फर्काउनुको विकल्प नरहेको उनको गुनासो छ ।

'पछिल्लो चैतमा लकडाउन सुरू भए लगत्तै अन्य क्षेत्र बन्द भएपनि स्वास्थ्य संस्थाहरू खुला नै रहेका बेला रक्तचाप नाप्ने सेट बिग्रियो' उनले भने 'चार महिनापछि असारमा मात्र सेट आयो तर त्यो अवधिमा सेवाग्राहीको कति गाली सुन्नु पर्‍यो ।' लकडाउन अवधिमा नियमित खोप सेवा समेत आंशिक रूपमा प्रभावित भएको जानकारी दिंदै उनले अझै महिलाले अस्थायी नियोजनको रूपमा प्रयोग गर्ने डिपो, पिल्सको समेत अभाव झेलिरहेको बताए । स्थानीय सेवाग्राहीले माग गरे बमोजिमको औषधि आपूर्ति नहुँदा त्यसको मार आफूहरूले खेप्नु परिरहेको स्वास्थ्यकर्मीहरूको गुनासो छ ।

स्वास्थ्य चौकीमा औषधिको चरम् अभाव भएपनि नियमित रूपमा खोलेर बसिरहेको जानकारी दिंदै उनले भने 'त्यसका अतिरिक्त खोप सेवा, गाउँघर क्लिनिक पनि चलाइरहेका छौं तर औषधि भने अनुसारको दिन सकिएको छैन ।

**औषधि नगरपालिकामैं थन्कियो**

यता औषधि नपाएर बिरामी रित्तो हात फर्किन बाध्य छन् भने उता औषधि भने लहान नगरपालिका कार्यालयको गोदाममा अढाई महिनादेखि थन्किएको छ । लहान नगरपालिकाले नि :शुल्क वितरण गर्नुपर्ने ५९ प्रकारको औषधि खरिदका लागि ३५ लाख रूपैयाँ बजेटसहित २०७७ जेठ २२ मा शिलबन्दी दरभाउपत्र आव्हान गर्‍यो ।

दरभाउपत्र आव्हान गरेपछि २२ कम्पनीले फर्म भरे । तीमध्ये भक्तपुरस्थित जनप्रिया मेडिसिन सप्लायर्सले खरिद ठेक्का पायो । जनप्रियाले ३५ लाखको औषधि खरिद ठेक्का १५ लाख ३८ हजार ३७ रूपैयाूमा सकार गर्‍यो । जनप्रियाको ठेक्का नगरपालिकाबाट २०७७ असार १५ मा स्वीकृत भयो । ठेक्का स्वीकृत भएपछि जनप्रियाले असार २५ गते तोकिएको औषधि नगरपालिकालाई बुझायो । तर नगरपालिकाको स्वास्थ्य शाखाले जनप्रियाले ल्याएको औषधि विश्व स्वास्थ्य संगठनको गुड म्यानुफ्याक्चरिङ प्राक्टिस अनुसार मापदण्ड नपुगेको भन्दै इन्कार गरिदियो । त्यही औषधि अहिले लहान नगरपालिका कार्यालयमा थन्किएको छ ।

लहान नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामसुन्दर यादवले स्वास्थ्य चौंकीहरूमा औषधि अभाव भएको स्वीकारे । उनले टेन्डर प्रक्रियाबाट खरिद गरिएको औषधि डब्लु एचओको जिएमपी मापदण्ड अनुसार नभएकाले वितरण नगरिएका कारण औषधि अभाव भएको बताए ।

उनले यसआर्थिक वर्षको औषधि खरिदका लागि प्रक्रिया अगाडि बढाएको जानकारी दिए । लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमनन्द भुसालले औषधि अभाव भएको बताउँदै नगरपालिकाको स्वास्थ्य शाखाको कमजोरीका कारण औषधि अभाव हुन गएको बताए । 'अघिल्लो आर्थिक वर्षमा टेण्डर मार्फत औषधि खरिद गरिएपनि केही औषधिको मापदण्ड नपुगेको भन्ने आयो, त्यस कारण औषधि वितरण हुन नसक्दा औषधि अभाव भएको हो,' प्रमुख प्रशासकीय अधिकृत भुसालले भने, 'स्वास्थ्य शाखालाई तत्काल अभाव पूर्ति गर्नका लागि औषधि खरिद प्रक्रिया अगाडि बढाउन भनेको छु, दुई चारदिनमा यो समस्या समाधान हुन्छ ।'

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढी नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा


कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# सरकारी जग्गा हत्याउन खोज्ने गिरोहलाई कारवाहीको माग गर्दै धर्ना




ज्ञापन पत्र


श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यु

जिल्ला प्रशासन कार्यालय सिरहा।

सचिव गृह मन्त्रालय सिंह दरबार, काठमाण्डौ।

१. मालपोत कार्यालयले कित्ता नं. ८क ४२० को श्रेस्ता बदर लेखत बदर र दर्ता बदर किन गरेन।

२. कित्ता नं. २०७, २०२ र २०६ बन बुटेन जग्गा किन बदर भएन।


३. तत्कालिन सुकुमवासी समस्या समाधान आयोगले २०५८ मा निर्णय गरेको निर्णय पुस्तिका किन आएन (उच्च अदालत बाट)।

४. ... लाल पुर्जा बनाउने माथि किन कारवाही भएन।

५. भु-माफिया र भु-माफियालाई सहयोग गर्ने जन प्रतिनिधिलाई किन कारवाही भएन।

यी मागहरु पुरा नभएकोले यहि मिति २०७७/०६/१९ गते देखि संघर्षको कार्यक्रमहरु पनि यसै साथ घोषणा गरिएको छ।

१. जिल्ला बन कार्यालय अगाडी धरना तथा बिरोध कार्यक्रम मिति २०७७/०६/१९ गते सोमबार।

२. जिल्ला मालपोत कार्यालय अगाडी धरना तथा बिरोध कार्यक्रम २०७७/०६/२१ बुधबार।

३. जिल्ला प्रशासन कार्यालय अगाडी धरना कार्यक्रम मिति २०७७/०६/२२ बिहिबार।

४. गोलबजार नगरपालिकाको कार्यालय अगाडी बिरोध प्रदर्शन २०७७/०६/२३ शुक्रबार।

सरकारी जग्गा बचाउ अभियान संघर्ष समिति गोलबजार ९ र १० को संयोजक

श्री चन्देश्वर पासमान

सदस्यहरु

ऐ.ऐ. बस्ने लक्ष्मण प्रसाद यादव

ऐ.ऐ. बस्ने बलराम यादव

ऐ.ऐ. बस्ने धन प्रसाद महतो

ऐ.ऐ. बस्ने बिष्णु देव मण्डल

ऐ.ऐ. बस्ने राम कुमार पासमान

ऐ.ऐ. बस्ने अशोक कुमार महतो

ऐ.ऐ. बस्ने सकलदेव महतो

**लहान ।** सरकारी जग्गा भुमाफियाले कब्जा गर्न खोजेपछि गोलबजारका स्थानीय अगुवाहरू आन्दोलित भएका छन् । उनीहरूले भुमाफियालाई कारवाहीको माग गर्दै दुई महिनादेखि आन्दोलन गर्दै आएका छन् । व्यक्तिको नाममा गरिएको सरकारी जग्गा फिर्ता गराउन माग गर्दै जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापन पत्र समेत बुझाएका छन् ।

यसअघि केही जग्गा अदालतको निर्णयबाट जिल्ला वन कार्यालयले फिर्ता गराएका थिए । तर, त्यसमा संग्लनहरूलाई र थप जग्गा फिर्ता नभएपछि उनीहरूले फेरी आन्दोलन सुरू गरेका छन् । सोही क्रममा सरकारी जग्गा संरक्षण अभियान संघर्ष समिति गोलबजार नगरपालिका–९ र १० ले सोमबार सिरहाको लहानस्थित वन कार्यालय परिसरमा धर्ना दिएको छ ।

सरकारी वनको जग्गा अतिक्रमण भएपनि सम्बन्धित निकायले कारवाही प्रक्रिया बढाउन मौन देखिएको भन्दै आन्दोलित भएको समितिका संयोजक चन्देश्वर पासवानले जानकारी दिए । उनले सरकारी राष्ट्रिय वनको जग्गा भुमाफियाहरूले फर्जी लालपुर्जा बनाएको र सो लालपुर्जा बदरकालागि सम्बन्धित निकायमा पटक पटक ध्यानाकर्षण गराउँदा पनि वेवास्ता गरेको गुनासो गरे ।

उनले कितानम्बर ८ (क)को ४२० को श्रेस्ता, लिखत र दर्ता बदर किन नगरेको भन्ने प्रश्न गर्दै अन्य धेरै जग्गाको पनि भुमाफियाहरूले सरकारी कर्मचारीकै मिलोमतोमा लालपुर्जा बनाएको दाबी गरे । उनले वनको जग्गाफिर्ता र लालपुर्जा बनाउने गिरोहमाथि कारवाही हुनुपर्ने माग गरे ।

सोही नगरपालिकाको कितानम्बर २०२,२०६ र २०७ को वन बुटेन जग्गा बदरको गरेको छ । संघर्ष समितिले असोज २१ गते जिल्ला मालपोत कार्यालय अगाडी प्रदर्शन गर्ने कार्यक्रम पनि घोषणा गरेको छ । यस्तै असोज २२ गते जिल्ला प्रशासन कार्यालय अगाडी धर्ना र असोज २३ गते गोलबजार नगरपालिकाको कार्यालय अगाडी पनि धर्ना दिने जनाएको छ ।

# गरिब बच्चालाई पढाईका लागि आर्थिक सहयोग

**सिरहा ।** कोरोना कहरका कारण प्रभावित बनेका सिरहाका विपन्न परिवारका बालबालिकालाई आर्थिक सहयोग गरिएको छ ।

युनिसेफको सहयोगमा ग्रामीण विकास केन्द्रले चलाइरहेको कार्यक्रमअन्तर्गत सिरहामा सोमबार एकैदिन १४ जना बालबालिकालाई आर्थिक सहयोग गरिएको हो ।

मिर्चैया नगरपालिकाको वडा नम्बर २ मा १ जना र ९ मा १ गरी दुई जना बालक, कर्जन्हा नगरपालिकाको वडा ३ मा ५ जना र वडा ९ मा १ जना र धनगढीमाई नगरपालिकाको वडा ३ मा ४ जना तथा वडा ९ मा २ जना बच्चालाई संस्थाले आर्थिक सहयोग गरेको हो ।

उनीहरूलाई १२ हजार रूपैयाँका दरले आर्थिक सहयोग गरिएको छ । लकडाउनका कारण प्रभावित विपन्न बालबालिकालाई पाँच महिनासम्म ४ हजारका दरले रकम उपलब्ध गराउने कार्यक्रम रहेकोमा एकैचोटी तीन महिनाको रकम अहिले दिएको र बाँकी दुई महिनाको रकम महिनै पिच्छे उपलब्ध गरिने ग्रामीण विकास केन्द्रका रमेश साहले जानकारी दिए ।

आर्थिक रूपले विपन्न तथा अभिवाभकविहिन बालबालिकालाई कोरोना कालमा आर्थिक समस्या नहोस् र पढाइ लेखाइका लागि सहज होस् भन्ने उद्देश्यले युनिसेफको सहयोगमा प्रदेशभरी नै यो कार्यक्रम सञ्चालित छ ।

## मधेसी ...

आएका छन् । शिक्षित तथा बुद्धिजीवी वर्गको अन्यत्र पलायनको कारणले समाजमा अर्धशिक्षित एवं अन्यायीहरूको प्रपञ्चले सामाजिक विकृतिहरु बढ्दो क्रममा हुने गरेका छन् । आधुनिकीकरणले समाजलाई अनेकौं वर्गमा विभाजित गरेको अवस्था छ । शिक्षा, रोजगारी तथा आयमूलक अवसरको प्रचार प्रसारमात्र बढी भएको पाइन्छ । पहुँचवाला वर्गका युवाहरूलाई शिक्षामा अवसर प्राप्त हुन्छ तर पढाइपछिको उचित रोजगारीको अवसर नपाउनाले युवाहरु विभिन्न किसिमको सामाजिक तनाव, राजनीतिक विकृति एवं सामाजिक अपराधमा संलग्न भएका देखिन्छन् ।

मधेसको समाजमा पञ्च र पञ्चायतीको हालीमुहाली परापूर्व कालदेखि नै थियो । तीन प्रकृतिको पञ्चायती प्रणाली हुने गर्दथ्यो माइजन (मान्यजन ) अर्थात जाति विशेषको आधारमा जाति प्रमुख, देमान (प्रायःजसो कायस्थ जाति लेखन कार्यमा अग्रसर भएको हुनाले प्रचलित कानुन र विधिको जानकार मानिन्थ्यो), पेसकार (आर्थिक हरहिसाबमा जानकार तथा सूचना राख्नसक्ने व्यक्ति) । समाजको जस्तो सुकै समस्या पनि पञ्चायतीले समाधान गर्ने प्रावधान थियो तर उक्त बेलाको पञ्चायतीले न्यायिक फैसलाहरु गर्ने गर्दथे ।

आधुनिकीकरणले छोएको समाज जाति व्यवस्थाबाट वर्ग व्यवस्थामा परिवर्तन भइसक्नुपर्ने थियो तर मधेसको समाज अहिले पनि जाति व्यवस्थामै सीमित रहेको र असन्तुलित रूपमा भएको प्रगतिले समाजमा जाति व्यवस्थाको गुण अवगुण र वर्ग व्यवस्थाको गुण अवगुणको कारण समाजमा द्वन्द्व हुने गर्दछ । एकातिर आधुनिकीकरणअन्तर्गत सबैमा आफ्नो योग्यता, कार्यकुशलता एवं लगन र मिहिनेतले अगाडि बढ्ने अवसर प्रशस्त प्राप्त हुन्छ भने अर्कोतर्फ अर्को समूहका व्यक्तिलाई आफ्नो योग्यताअनुसार उचित अवसर प्राप्त हुन सक्दैन । यद्यपि ऊ सक्षम भए पनि यस्तो अवस्थामा मानिसहरूले निराशावादी जीवन बिताउनुपर्ने बाध्यता रहन्छ । जो बिग्रन्छन् उनीहरूलाई समाजले नराम्रो दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । त्यसको परिणामस्वरूप समाजमा विभिन्न अपराधहरु हुन थाल्दछन् र यही कारणले होला समाजमा पहिलाको तुलनामा अहिले हत्या, हिंसा, बलात्कार, बेरोजगारी, आत्महत्या आदि जस्ता सामाजिक अपराधहरु प्रचुरमात्रामा बढ्न थालेका छन् । हिन्दू परम्परावादी समाज पितृसत्तात्मक अर्थात् पुरूष प्रधान समाजकै मान्यताले चलेको छ । महिलाहरु पनि पितृसत्तात्मक मानसिकताले अझै प्रेरित छन् ।

मधेसी समाज आफैंमा दोषपूर्ण बनोटबाट चलिआएको छ । मधेसमा पनि आर्थिक, राजनीतिक, तवरमा माथिल्लो दर्जा ओगटेको सम्भ्रान्त मानसिकताले ग्रसित पितृसत्तात्मक वर्गको हालीमुहाली अझै पाइन्छ । समाजमा हुने गरेका अनेकौं आपराधिक घटनाहरूलाई समाजका यस्ता केही अगुवाबाट ढाकछोप गर्ने र अपराधीलाई राजनीतिक सामाजिक संरक्षण दिने परम्परा अझै भइरहेको पाइन्छ ।

मधेसको समाजमा निर्मूल भइसकेको 'पञ्च र पञ्चायती'को सोचका कारण समाजका तल्लोस्तरको वर्गलाई अन्यायमा पार्ने क्रियाकलापहरु हालका दिनहरूमा पुनः हुन थालेको पाइन्छ । के राज्यको यो अधिकार तिनलाई दिएको हो ? के केन्द्रीय न्यायालयतथा प्रादेशिक न्यायालयको भूमिका निरीह नै हो ? समाजमा आर्थिक विपन्नताको मार खेपिरहेका नागरिकहरु अब फेरि तिनैबाट त्रसित र आत्रान्त भएका छन् । मधेसमा महिलामाथिको हिंसा व्यापक छ ।

कोरोना कहरमा विश्व आत्रान्त छ तर हाम्रो मधेसको समाज अनेकौं हिंसात्मक आपराधिक घटनाले आत्रान्त छ । महिलाहरूले शारीरिक मानसिक सुरक्षा कहीँ कतै पाएका छैनन् । तिनीहरूमाथि अझै अत्याचार भइरहेको छ । कलिला बालिकादेखि वृद्धासम्म बलात्कारको सिकार भइरहेका छन् । दाइजो तथा बोक्सीको आरोपमा महिला हिंसा हुने गरेका छन् जसमा पञ्च र पञ्चायतीको भूमिका अत्यन्तै क्रूर र दमनकारी भएको पाइन्छ ।

सिरहाको नवराजपुर गाउँपालिका–५ कुर्सुन्डीस्थित शिव मन्दिरमा गाउँको अगुवा पञ्चहरूको पञ्चायती बस्यो । विषय थियो 'धामी, झाँक्री र बोक्सी आरोपित महिलालाई सजायको रूपमा कुटपिट गरी मलमूत्र खुवाइने ।' दोषीलाई सजाय दिन र गाउँमा सुख शान्ति स्थापना गर्न पञ्चायती डाकिएको थियो । राति १२ बजे अचानक गाउँका दुईजना ४५ वर्षीया मूर्तिदेवीको घरमा गएर मूर्तिदेवीको पति रामनारायणलाई उठाएर तिनले पञ्चायतीले बोलाएको छ भने । एक समूहले मूर्तिदेवीलाई लछारपछार गर्दै घिसार्दै ल्यायो । गाउँका केही मान्छेहरु यो बोक्सी हो भनेर उफ्रिरहेका थिए र मूर्तिदेवीलाई मरणासन्न हुनेगरी कुटपिट गरिरहेका थिए । उनका पति रामनारायण निरीह भई हेर्न विवश भए । यसरी महिलालाई बोक्सी भनेर कुटपिट गर्ने र मलमूत्र खुवाउने पञ्चायतीका पञ्चहरूमध्ये केही स्थानीय जननिर्वाचित प्रतिनिधि पनि थिए ।

कोभिड–१९ को बन्दाबन्दीको अवस्थामा मधेसमा कैयौं महिलाहरूलाई बोक्सीको आरोपमा दुर्व्यवहार गरेको घटनाहरु छन् । धनुषाको कमला नगरपालिका ७, हथमुण्डा बस्ने ७० वर्षीया देवकीदेवी सहनीलाई गत भदौ ३० सातजना छिमेकीले बोक्सीको आरोपमा निर्घात कुटपिट गरेर गोबर खुवाउने प्रयाससमेत गरे । सिर्जनादेवी महतोलाई बोक्सीको आरोपमा कुटपिट गरे । तिघ्रा र ढाडमा चोट लागेकी सिर्जना इलाका प्रहरी कार्यालयमा उजुरी दिन गइन् तर प्रहरीले लक्डाउनको अवधि भएको भन्दै उजुरी नै दर्ता नगरेको महिला अधिकारकर्मीले जानकारी गराएका छन् ।

धनुषाधाम नगरपालिका वडा–४ मा छिमेकीहरूबाटै विभिन्न प्रलोभनमा पारी ८ कक्षामा अध्यनरत बालिका बलात्कृत हुँदै आएकी थिइन् । अभिभावकहरूले छोरी यौनहिंसाको सिकार भएको थाहा पाएपछि न्यायको गुहार माग्दा गाउँको अगुवा अधिकारकर्मीहरूको पञ्चायतीले गाउँमै मिल्नका लागि दबाब दिए । नमिले समाजबाट निकालिने पञ्चायतीको निर्णयसमेत सुनाए । अहिले गाउँमा बस्नसक्ने अवस्था छैन, जाहेरी दर्ता गराउन गएको जानकारी पाएपछि सबैले घटनालाई गाउँमै मिलाउन दबाब दिइरहेका छन् भन्ने ती बालिकाको पिताको बिलौना छ । उनी आफूले न्याय नपाएको गुनासो गरिरहेका छन् ।

धनुषा सबैला नगरपालिकाकी १५ वर्षीया युवती चारजनाबाट सामूहिक बलात्कारमा परेको आपराधिक घटनालाई १२ लाख रूपैयाँ दिएर गाउँमै मिलाउन विभिन्न माध्यमबाट दबाब दिइरहेको पीडित परिवारले जनाएका छन् । बलात्कारका आरोपितहरु र समाजका अगुवाहरूले रूपैयाँ पैसाको लालच दिएर मिलाउन खोजेको र नमिले गाउँमा बस्न नदिने तथा ज्यान मार्नेसमेत धम्की दिइरहेको पीडितको गुनासो छ ।

यस्ता अनेकौं आपराधिक घटना छन् जसको सुनुवाइ कुनै निकायले गरिरहेको छैन । संविधानमा सामाजिक अपराधसम्बन्धी मौलिक हक दण्ड सजायको व्यवस्था गरिए तापनि पीडकलाई न्याय दिलाउने सबैद्वार बन्दझैं देखिन्छन् । अपराधका कारणमा अशिक्षा र आर्थिक पछौटेपन मानिन्छ । मानिस शिक्षित भए, प्रहरी प्रशासनको निष्पक्ष संरक्षण भएमा मात्र समाजबाट यस्ता अपराधहरु हटाउन सक्ने कल्पना गर्न सकिन्छ । अपराधको कारण समाज हो । राजनीतिक अस्थिरता र क्रुर शासन प्रणालीमा आपराधिक घटनाहरु बढ्दै जान्छन् ।

सामाजिक व्यवहार र आर्थिक ढाँचा जटिल हुँदै गएपछि औद्योगिकीकरण र शहरीकरणले मानिस बढी व्यक्तिवादी हुँदै गएको छ । त्यस्ता समाजको सांस्कृतिक मान्यताहरु छिन्नभिन्न हुँदै गएका छन् । समाजमा नयाँ–नयाँ अपराधहरु देखा पर्दै गएका छन् । सबैजसो अधिकारकर्मीहरूको भूमिका निरीह बन्दै जानुले समाजमा पञ्च र पञ्चायतीको पुनर्जन्म भएको हो । बन्दाबन्दीमा कोरोना महामारीबाट कसरी बँच्ने र बँचाउने भन्नेमा सबैको ध्यान गएको छ । तर, यही बेला मधेसको समाजमा सामाजिक विभेद, बलात्कार, हत्या, हिंसाजस्ता अपराधले प्रश्रय पाएको छ ।

समाजमा अब सामाजिक र पारिवारिक क्रान्तिको आवश्यकता देखिन्छ । महिला हत्या हिंसा, बलात्कारजस्ता घटनालाई दबाउन खोजेका पञ्चायतीको विरूद्ध आवाज उठाउनु आवश्यक छ । अब तल्लोस्तरदेखि सामाजिक रूपान्तरणको निम्ति महिलाले नै प्रण गरौं । लोकतन्त्रमा पञ्चायती प्रपञ्चलाई मान्यता दिनु भनेको लोकतान्त्रिक मान्यतालाई धज्जी उडाउनु हो । मधेसमा तीन चरणको आन्दोलनको निर्णायक उपलब्धि नै समाजको पञ्चायती प्रणालीका नाममा मधेसी महिलाको शोषणमुखी व्यवस्थाको अन्त्य गर्नु थियो । अब यस्तो पञ्चायती निर्णय कदापि मान्य हुने छैन । फेरि मधेसी समाजका महिलाहरूले आफ्नो र आफ्ना चेलीबेटीको सुरक्षाको निम्ति दुर्गा वा चण्डी रूप धारण गरी लड्नुपर्ने आवश्यकता छ र अत्याचारको अन्त्य गर्नुपर्नेछ । *हिमालय टाइम्सबाट*

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना
सिरहा नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना
अर्नमा गाउँपालिका कार्यालय, सिरहा

# स्थानीय तहमा वार्षिक योजनाको तर्जुमा

## पालिका बहस

धरणिधर अधिकारी



विकास योजना भनेको समग्र सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासको उद्देश्य हासिल गर्नका लागि एउटा निश्चित समयावधि भित्र पूरा गरिने उद्देश्य, लक्ष्य, नीति, रणनीति र कार्यक्रम र सोकालागि चाहिने आवश्यक श्रोत तथा साधनको व्यवस्थापन एवं सोबाट प्राप्त हुने नतिजा सहितको दस्ताबेज हो । समयावधिका हिसाबले विकास आयोजना मुख्यतया दीर्घकालिन अर्थात १०-२५वर्षअवधिका, मध्यकालिन अर्थात् ५-१० वर्ष अवधिका, अल्पकालिन अर्थात् १-५ वर्ष अवधिका र वार्षिक आयोजना भनेको एक वर्ष अवधिमा उपलब्ध हुन सक्ने श्रोत र साधनको अनुमान गरी तर्जुमा गरिने आयोजनाहरू हुन् ।

**वार्षिक योजनाका उद्देश्यहरू**

दीर्घकालिन, मध्यकालिन र अल्पकालिन योजनाहरूले लिएका लक्ष्य तथा उद्देश्यहरू र तिनकालागि विनियोजन गरिएको खर्च एवं साधन र श्रोतसँग मेल खाने गरी तत् तत् योजनाहरूको अपेक्षित नतिजा हासिल गर्नु नै वार्षिक योजनाको मूल उद्देश्य हो ।

**स्थानीय तहका वार्षिक योजनाका मुख्य आधारहरू**

१.नेपालको संविधान-२०७२

२.स्थानीय सरकार संचालन ऐन-२०७४

३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४

४. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त व्यवस्थापन ऐन-२०७४

५. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४(परिमार्जित)

६. संघ, प्रदेश सरकारले जारी गरेका ऐन, नियम, कानुन, कार्यविधि, मापदण्ड

७.संघ, प्रदेश र स्थानीय तहका आवधिक योजना

८. सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजविक खरिद नियमावली-२०६४

९. दीगो विकासका राष्ट्रिय लक्ष्यहरू

१०. तीनै तहका सरकारले नागरिकसंग गरेका प्रतिबद्धताबाट श्रृजना भएका सरकारी दायित्वहरू

**वार्षिक योजना तथा बजेटका प्राथमिकताहरू**

१. नागरिकको जीवनस्तर, आम्दानी, रोजगारी बढ्ने ।

२. उत्पादनमूलक तथा शिघ्र प्रतिफल प्राप्त गर्न सकिने ।

३. आर्थिक विकासका साथै गरिबी निवारणमा प्रत्यक्ष योगदान गर्न सक्ने ।

४. स्थानीय साधन, श्रोत र नागरिकको सीपको अधिकतम् उपयोग ।

५.स्थानीय नागरिकको सहभागितामूलक सहकार्य ।

६. लैंगिक समानता, बालबालिका, जेष्ठ नागरिक, सीमान्तकृत समूदायलाई लाभ पुग्न सक्ने ।

७. सामाजिक समावेशीकरणमा अभिबृद्धि हुने ।

८. भाषिक, सांस्कृतिक, शैक्षिक अभिबृद्धि हुने ।

९. दीगो विकास, वातावरणीय संरक्षण तथा संबर्द्धनमा सहयोग पुऱ्याउने ।

१०. स्थानीय तहले आवश्यक देखेका एवं आवश्यकता र परिस्थितिले श्रृजना गरेका अन्य विषयहरू ।

**योजना छनौटका प्रक्रियागत चरणहरू**

**१. बजेटको पूर्व तयारी, श्रोत अनुमान र सीमा निर्धारण**

आगामी आर्थिक वर्षकालागि आवश्यक आय-व्ययको अनुमानित तथ्यांक सहित स्थानीय पालिकाको राजश्व परामर्श समिति, बजेट तथा श्रोत अनुमान समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरि हरेक वर्षको पुष मसान्त भित्र संघीय अर्थ मन्त्रालयमा पेश गर्नुपर्दछ । संघीय सरकारले राजश्व बाँडफाँड र वित्तीय सामान्यीकरण अनुदान बापत स्थानीय तहलाई आगामी आ.व.कालागि उपलब्ध गराउन सक्ने श्रोतको अनुमानित विवरण चैत्र भित्रमा प्राप्त गर्ने । तत् पश्चात् स्थानीय तहले उसको आफ्नो पालिका भित्र संचालन हुने आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार विकास, वन, वातावरण र पर्यावरणीय संरक्षण, सुशासन, बिपद् व्यवस्थापन जस्ता विषयहरू छुट्याई सम्बन्धित कार्यपालिका सदस्यहरूलाई जानकारी गराई जिम्मेवारी तोक्ने ।

**२. बजेटको श्रोत तथा सीमा निर्धारण**

संघीय संविधान, प्रादेशिक ऐन, नियम, कानुन एवं स्थानीय सरकार संचालन ऐन-२०७४ आदिको परिधि भित्र रहेर स्थानीय तहले आफ्नो कार्य क्षेत्रको राजश्व अनुमान, दायरा र करको दरको विश्लेषण गरी राजश्वको पूर्वानुमान गरेर राजश्व परामर्श समितिले हरेक वर्षको पुष १५ गते भित्र कार्यपालिकामा पेश गरी सक्नु पर्नेछ । स्थानीय तहमा प्राप्त हुने राजश्व रकम, ऋण, अनुदान तथा अन्य आम्दानी अनुमान गरी त्यसको सन्तुलित विवरणको खाका बनाएर श्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समितिले हरेक वर्षको वैशाख १५ गतेभित्र सक्ने गरी र त्यसरी तयार भएको आगामी आ.व.को सीमा प्रत्येक वर्षको वैशाख मसान्त भित्र प्रमुख प्रशासकीय अधिकृतले विषयगत महाशाखा, शाखा तथा वडाहरूलाई उपलब्ध गराउनु वा जानकारी गराउनु पर्नेछ ।

यसरी श्रोत अनुमान तथा सीमा निर्धारण समितिले आयोजनाका आधारहरू निर्धारण गर्दा निम्न कुराहरूलाई ध्यान दिनु पर्ने हुन्छ । (क) स्थानीय तहका गौरवका आयोजनाको निरन्तरताकालागि आवश्यक रकम । (ख) सशर्त अनुदानका कार्यक्रमकालागि तोकिएको रकम । (ग) दीगो विकासका लक्ष्य र अन्य प्रतिबद्धता कार्यान्वयनकालागि आवश्यक रकम । (घ) समपूरक कोष आवश्यक पर्ने आयोजनाकालागि तोकिएको रकम । (ङ) स्थानीय सरकार संचालन ऐन अन्तर्गत स्थानीय तहले सम्पादन गर्नुपर्ने आवश्यक कामहरू ।

उल्लेखित क्षेत्रहरूलाई रकम विनियोजन गरी सके पछि मात्र अन्य बाँकी रकम जनसंख्या, मानव विकास, पूर्वाधार विकास, राजश्व परिचालन, जन सहभागिता आदिको अवस्थालाई आधार मानी वडागत बजेटको सीमा निर्धारण गरिन्छ । कुल बजेटको सीमाबाट स्थानीय तहको प्रशासनिक कार्य संचालन गर्न आवश्यक रकम छुट्याएर मात्र अन्य कार्यक्रम आयोजनाकालागि बजेट विनियोजन गर्नु पर्दछ ।

**३.टोल, बस्ती एवं वडाका योजना छनौट तथा प्राथमिकिकरण**

टोल वा बस्ती तहका आयोजना छनौट गर्दा निम्न प्रक्रिया अपनाउनु पर्दछ ।

(क) प्रत्येक वडाले वडा भित्रका टोल, बस्तीहरूमा योजना तर्जुमा गर्नकालागि बैठक हुने मिति र समय कम्तिमा ३ दिन अगाडि नै सार्वजनिक सूचना मार्फत् टोल बस्तीका नागरिकलाई सूचित गर्नु पर्नेछ ।

(ख)टोल बस्ती स्तरका आयोजनाहरू टोल बस्तीको भेला मार्फत् छनौट गर्दा सम्बन्धित वडाका समुदायको आवश्यकता अनुरूप पहिचान गर्नुपर्दछ ।

(ग) आयोजना छनौट बैठकमा स्थानीय बुद्धिजीवि, विषय विशेषज्ञ, पेशाविद्, आदिवासी, सीमान्तकृत एवं लोपोन्मुख समुदाय, दलित, महिला, अपांग, जेष्ठ नागरिक, युवा लगायत टोल बस्तीका सम्पूर्ण नागरिक एवं सरोकारवालाको प्रतिनिधिमूलक सहभागिता सुनिश्चित गर्नुपर्दछ । यसरी छनौट गरिएका आयोजनाहरूको सूचि वडा समितिमा पेश गर्नुपर्दछ ।

(घ) वडा समितिसले आफ्नो वडामा प्रतिनिधित्व गर्ने प्रत्येक तह र तप्काका नागरिकलाई आयोजना छनौट र तर्जुमा गर्नकालागि सहजिकरण गर्नुपर्दछ ।

(ङ) वडा समितिले श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र मार्ग निर्देशनका आधारमा टोल बस्ती स्तरबाट योजना छनौट गरी भइ आएका योजनाहरू वडाले प्राप्त बजेटका आधारमा योजनाको प्राथमिकता निर्धारण गरी बजेट र कार्यक्रम तर्जुमा गरि समितिमा पठाउनु पर्नेछ । वडा समितिले आवश्यकता र औचित्यका आधारमा छूट भएका आयोजनाहरूको बजेट सीमा भित्र रहि समाबेश गर्न सक्नेछ ।

**(४) बजेट तथा योजना तर्जुमा**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको अनुमानित आय, खर्चको विवरण र बजेटको सीमामा आधारित रहेर स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने काम बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्दछ । यो समितिले वडाबाट प्राप्त आयोजनालाई स्थानीय तहको आवधिक योजना, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार पारेका आयोजनाहरूको प्राथमिकताको आधार तथा मार्ग निर्देशन अनुसार आयोजनाहरू पालिकाका विषयगत समितिमा बृहत छलफल गरी विषयगत रूपमा प्राथमिकता सहित पेश भएका आयोजनाहरूलाई बजेट तथा कार्यक्रमहरू नदोहोरिने गरी माथि उल्लेखित प्राथमिकता, उद्देश्य एवं औचित्यताका आधारमा बजेट तर्जुमा गर्नु पर्ने हुन्छ ।

**(५) कार्यपालिका तथा पालिका सभाबाट बजेट तथा कार्यक्रमको स्विकृति**

बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रम, आय-व्ययको अनुमानित विवरण अथवा वार्षिक बजेट पालिकाको कार्यपालिकाबाट अनुमोदन गरी पालिका सभामा पेश गरिन्छ । कार्यपालिकाले आफूले स्विकृत वा अनुमोदन गरेको बजेट एवं नीति तथा कार्यक्रम पालिका सभामा बृहत छलफल गरीसकेपछि सर्वसम्मत, नसके बहुमतबाट पारित गरी स्विकृत गरेको बार्षिक बजेट एवं नीति तथा कार्यक्रम श्रावण १५ गते भित्र सर्वसाधारणकालागि प्रकाशित गर्नुका साथै सम्बन्धित पालिकाको सूचना वा वेबसाइटमा राख्नु पर्दछ ।

**(६) योजना कार्यान्वयन, सुपरिवेक्षण तथा मूल्यांकन**

पालिका सभाबाट स्विकृत वा अनुमोदित बार्षिक बजेट एवं नीति तथा कार्यक्रम पालिका अध्यक्ष वा प्रमुखले प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिनु पर्दछ । साथै अख्तियारी प्राप्त प्रमुख प्रशासकीय अधिकृतले उक्त अख्तियारी प्राप्त गरी सकेपछि उक्त बजेट कार्यान्वयनका लागि सम्बन्धित शाखा प्रमुखहरू तथा वडा सचिवहरूले योजना कार्यान्वयनको कार्यतालिका बनाइ प्रमुख प्रशासकीय अधिकृत कहाँ पेश गर्नु पर्दछ । ऐन, नियम र कार्यविधिको पालना भए नभएको कुरा सुपरिवेक्षण तथा मूल्यांकन समितिले आयोजनाको सही ढंगले संचालन, कार्यान्वयन तथा कार्य सम्पादन भएको छ वा छैन सुपरिवेक्षण र मूल्यांकन गरी सम्बन्धित निकायमा पेश गर्नु पर्दछ ।

यसरी स्थानीय तहमा वार्षिक आयोजना तर्जुमाको ऐन, नियम, कानुन र कार्यविधि निर्देशिकामा प्रष्ट व्यवस्था भएको भएता पनि स्थानीय तहका अध्यक्ष वा प्रमुखले पालिकामा आफ्नो दल वा समूहको बहुमतको दम्भका आधारमा स्थानीय तहका टोल, बस्ती तथा वडास्तरका आयोजना, त्यहाका नागरिकको सामूहिक हित, भावना र अधिकारलाई कुठाराघात गर्दै आफू खुशी आयोजनाहरू छनौट गर्ने र बजेट तथा कार्यक्रमहरूमा पक्षपात गरी नागरिक अधिकारको बर्खिलाप गर्ने प्रवृतिको विकास भएको देखिन्छ । चेतना भया ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऊँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऊँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऊँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)